# बागमती प्रदेश सरकार
# सहकारी तथा गरिबी निवारण मन्त्रालय
# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं ।

## समस्याग्रस्त घोषित सहकारी संस्थाका ऋणीहरुलाई ऋण तिर्न आउने बारेको ३५ दिने सूचना

**दोस्रो पटक प्रकाशित सूचना मितिः २०८२।०३।११**

बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ बमोजिम समस्याग्रस्त घोषित तपसिलमा उल्लेखित सहकारी संस्थाका ऋणीहरुले सो संस्थाबाट उपभोग गर्नु भएको ऋण कर्जा रकमको सावाँ तथा व्याज तिर्न आउनु भनी मिति २०८१/१०/१५ मा प्रथम पटक ३५ दिने सूचना प्रकाशित गरिएकोमा ऋणीहरु सम्पर्कमा नआएको हुँदा पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र आफूले उपभोग गरेको ऋण कर्जाको सावाँ तथा व्याज तपसिलमा उल्लेखित बैंक खातामा जम्मा गरी/गराई सो को भौचर यस समितिको कार्यालयमा पेश गरी/गराई कर्जा राफसाफ गर्नु हुन सूचित गरिन्छ । सो समयभित्र आफूले उपभोग गरेको ऋण कर्जा दायित्व राफसाफ नगरेको खण्डमा प्रदेश सहकारी ऐन, २०७६ को दफा ९२ को उपदफा (१) खण्ड (क), (ख) र (ग) बमोजिम कुनै बैंक वा वित्तिय संस्थामा भएको आर्थिक कारोवार वा अन्य चल अचल सम्पत्ति रोक्का राख्ने र कालो सूचीमा राखी कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिलः**

| क्र.स. | सहकारी संस्थाको नाम | ठेगाना | समस्यग्रस्त घोषणा मिति | खातावालाको नाम | बैंकको नाम, शाखा कार्यालय, खाता नं. | खाता नं. |
|---|---|---|---|---|---|---|
| १ | सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. (९९/०५७/०५८) | पुल्चोक, ललितपुर | २०८१/०९/२८ | OFFICE OF PROBLEMATIC COOPERATIVE MANAGEMENT COMMITTEE (04) | राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरवार, काठमाडौं | ११३०१०००० ४६७५००१ |
| २ | लाली गुराँस बचत तथा ऋण सहकारी संस्था लि. (४०७/०५२/०५३) | काठमाडौं | २०८१/०९/२८ | OFFICE OF PROBLEMATIC COOPERATIVE MANAGEMENT COMMITTEE (03) | राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरवार, काठमाडौं | ११३०१००००४६७४००१ |
| ३ | नेशनल नमोवुद्ध बचत तथा ऋण सहकारी संस्था लि. (५९५/०५७/०५८) | काठमाडौं | २०८१/०९/२८ | OFFICE OF PROBLEMATIC COOPERATIVE MANAGEMENT COMMITTEE (02) | राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरवार, काठमाडौं | ११३०१००००४६७३००१ |